# देवघाट गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
देवघाट, तनहुँ
गण्डकी प्रदेश, नेपाल


प.सं.:

च.नं.: मिति:...............................

## सिंचाई जल उपभोक्ताहरुका लागि जलस्रोत सम्बन्धी ३५ दिने सार्वजनिक सूचना ।

**सूचना प्रकाशन मिति: २०७९/११/३०**

तनहूँ जिल्ला देवघाट गाउँपालिका वडा नं. ५, मा रहेको **घट्टेखोला** भन्ने पानीको मुलबाट देवघाट गाउँपालिका वडा नं. ५, घिनाटार बस्तीका जल उपभोक्ताहरुले सिंचाई योजना सञ्चालन गर्नका लागि देवघाट गाउँपालिका वडा नं. ५, घिनाटार बस्ने श्री दुर्गालाल गुरुङ्गको अध्यक्षतामा ११ (एघार) जनाको श्री **घट्टेखोला** घिनाटार सिंचाई जल उपभोक्ता समिति गठन गरि जलस्रोत ऐन, २०४९ तथा नियमावली, २०५६ बमोजिमको संस्था दर्ता गरि पाउँ तथा **घट्टेखोला** (मुहानको क्षमता: ५ लि./से.) भन्ने पानीको मुलबाट २.५ लि./से. क्षमताको जलस्रोत उपयोगको अनुमति पाउँ भनि उपभोक्ता समितिको तर्फबाट अध्यक्ष श्री दुर्गालाल गुरुङ्गले मिति २०७९/११/२८ गते देवघाट गाउँपालिकामा निवेदन दिनु भएकोले कोही कसैलाई प्रतिकुल असर पर्ने भएमा तत् सम्बन्धी विवरण खुलाई यो सूचना प्रकाशन भएको मितिले ३५ (पैतिस) दिनभित्र देवघाट गाउँपालिकाको कार्यालयमा निवेदन पेश गर्नुहुनको लागि सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ । साथै उक्त म्याद भित्र कुनै प्रकारको दाबी विरोध प्राप्त नभएमा नियमानुसार कारबाही अगाडि बढाईने व्यहोरा समेत जानकारी गराईन्छ ।

..............................

रमेश सुवेदी

प्रमुख प्रशासकीय अधिकृत


फोन: ०५६-५०००६८, ०५६-५०००७२

इमेल: devghat.ruralmun@gmail.com, info@devghatmun.gov.np, वेबसाइट: devghatmun.gov.np